# लेटाङ नगरपालिका बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०८/२६

**प्रस्तावना**

बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, संम्बर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, नेपालको संविधान, बालबालिका सम्बन्धी विद्यमान प्रचलित कानुनहरू तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरूलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ एवं प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०१३ ले दिएको अधिकार प्रयोग गरी **बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि**, २०७७ जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. <u>सक्षिप्त नाम र प्रारम्भ</u>**

१.१. यस कार्यविधिको नाम **''लेटाङ नगरपालिका बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि'', २०७७** रहेको छ ।

१.२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"संविधान"** भन्नाले नेपालको संविधान, लाई सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) **"कार्यविधि"** भन्नाले लेटाङ नगर कार्यपालिकाद्वारा जारी गरिएको **लेटाङ नगरपालिका बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि**, २०७७ सम्झनु पर्छ ।

(घ) **"बालबालिका"** भन्नाले यस कार्यविधिको प्रयोजनका लागि १८ वर्ष उमेर पूरा नभएका सबै व्यक्तिहरूलाई सम्झनु पर्छ ।

(ङ) **"बालबालिका डेक्स"** भन्नाले लेटाङ नगरपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका सम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्छ ।

(च) **"सर्म्पक व्यक्ति (Focal Person)"** भन्नाले लेटाङ नगरपालिका र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका डेक्समा काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) **"बाल संरक्षण समिति"** भन्नाले बालबालिकाको आधारभूत अधिकारहरूको संरक्षण तथा सम्बर्धन गर्नका लागि गरिएका लेटाङ नगरपालिका स्तरीय र वडास्तरीय समितिहरूलाई सम्झनु पर्दछ ।

(ज) **"बालमैत्री स्थानीय शासन नगर समिति"** भन्नाले यस कार्यविधिमा उल्लेख गरिएका पदाधिकारी रहने गरी लेटाङ नगरकार्यपालिकाले गठन गरेको ''बालमैत्री स्थानीय शासन नगर समिति'' लाई सम्झनु पर्छ ।

(झ)**"बाल क्लव"** भन्नाले विद्यालय तथा समुदायस्तरमा १८ बर्ष उमेर पूरा नभएका बालबालिकाहरूको सहभागितामा गठन भएका लेटाङ नगरपालिकामा सूचीकृत भइ संचालनमा रहेका बाल क्लव वा बाल समूहहरूलाई सम्झनु पर्दछ ।

(ञ) **"संरक्षक तथा संरक्षक शिक्षक"** भन्नाले बालक्लवलाई नियमितरुपमा संचालन तथा व्यवस्थापन गर्न समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुझ्नु पर्दछ ।

(ट) **"प्रधान संरक्षक"** भन्नाले विद्यालयमा गठन भएका बालक्लव तथा संरक्षक शिक्षकलाई नियमितरुपमा अनुगमन, नियन्त्रण, निर्देशन र व्यवस्थापनका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

(ठ) **"बालक्लव सञ्जाल"** भन्नाले लेटाङ नगरपालिका तथा वडास्तरमा गठन भएका बालक्लवहरूको सञ्जाललाई सम्झनु पर्दछ ।

(ड) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ ।

(ढ) **"बालविकास केन्द्र"** भन्नाले नगरपालिकाको समुदायस्तरमा स्थापना भई सरकारी अनुदान प्राप्त गरेका बालबिकास केन्द्रलाई सम्झनु पर्दछ ।

(ण) **"स्थानीय तह"** भन्नाले लेटाङ नगपालिकालाई सम्झनु पर्दछ ।

(त) **"बाल कोष"** भन्नाले बालअधिकारको संरक्षण र सम्बर्धन गर्नका लागि वडा तथा लेटाङ नगरपालिकामा खडा गरिएको बाल कोषलाई सम्झनु पर्दछ ।

(थ) **"प्रमाणपत्र"** भन्नाले, लेटाङ नगरपालिकाको कार्यालयमा सूचीकृत भएका बालक्लवहरूलाई दिइने सूचीकृतको प्रमाणपत्र सम्झनु पर्छ ।

(द) **"नगरपालिका"** भन्नाले लेटाङ नगरपालिका सम्झनुपर्छ ।

(ध) **"प्रमुख"** भन्नाले लेटाङ नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(न) **"उपप्रमुख"** भन्नाले लेटाङ नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(प) **"वडा"** भन्नाले लेटाङ नगरपालिकाको वडा सम्झनुपर्छ ।

(फ) **"वडाध्यक्ष"** भन्नाले लेटाङ नगरपालिकाको वडाध्यक्षलाई सम्झनुपर्छ ।

(ब) **"सभा"** भन्नाले लेटाङ नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(भ) **"कार्यपालिका"** भन्नाले लेटाङ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(म) **''विद्यालय''** भन्नाले लेटाङ नगरपालिकामा सञ्चालनमा रहेको सामुदायिक तथा सस्थागत विद्यालय सम्झनुपर्दछ ।

**३. उद्देश्य :** यस यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) बालअधिकारको संरक्षण तथा संम्वर्धन गर्ने ।

(ख) बालमैत्री स्थानीय शासन घोषण तथा अवलम्वन गर्ने ।

(ग) बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

(घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनिकरण गर्ने ।

(ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्यांक, जन्मदर्ता) व्यवस्थापन गर्ने ।

(च) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरू बीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्ने ।

छ) वालबालिकाहरूको क्षमता विकास, संस्थागत विकासका लागि खेलकुद, अतिरिक्त क्रियाकलाप सञ्चालन गरी वालअधिकारको संरक्षण र संवर्द्धन गर्ने ।

ज) विद्यालय शान्तिक्षेत्र स्थापना गरी गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने ।

## परिच्छेद-२

## बालमैत्री स्थानीय शासन नगर समिति, बाल संरक्षण समिति तथा बालबालिका डेक्सको स्थापना र संचालन

**४. <u>बालमैत्री स्थानीय शासन नगर  समिति गठन, काम  कर्तव्य र अधिकार</u>**

४.१. समग्र बालअधिकार संरक्षण र सम्बर्द्धनकालागि बाल बचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना, पद्धति र कार्यप्रक्रियामा मुलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन स्थापना गर्न लेटाङ नगरपालिकामा देहायका सदस्यहरू रहने एक बालमैत्री स्थानीय शासन नगर समिति रहनेछ ।

४.२. **बालमैत्री स्थानीय शासन नगर समिति**

(क) नगर प्रमुख -अध्यक्ष

(ख) नगर उप प्रमुख -उपाध्यक्ष

(ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख/अधिकृत -सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख/अधिकृत सदस्य

(च) समितिले मनोनयन गरेको स्थानीय स्वास्थ्य संस्थाका प्रमुख (१ जना) सदस्य

(छ) समितिले मनोनित गरेको गै.स.स. प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत) १ जना -सदस्य

(ज) स्थानीय तहका सरकारी र निजी विद्यालयका प्रधानाध्यापक मध्येबाट समितिले मनोनयन गरेको १/१ जना प्रअ  (२ जना) -सदस्य

(झ) नगरपालिका क्षेत्रभित्र कार्यरत महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(ञ) नगरपालिका स्तरिय बाल संजालका प्रतिनिधि कम्तिमा १ बालिका सहित २ जना -सदस्य

(ट) नगरपालिकाको महिला तथा बालबालिका उप शाखा प्रमुख -सदस्य सचिव

४.३. समितिमा मनोनीत सदस्यको पदावधि २ वर्षको हुनेछ ।

## **५. बालमैत्री स्थानीय शासन नगर समितिको काम कर्तव्य र अधिकार**

५.१. बालमैत्री स्थानीय शासन नगर समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

क. लेटाङ नगरपालिकाको बालबालिका सम्वन्धि नीतिगत निर्णयहरू गर्ने, राणनीतिक योजना तर्जुमा गर्ने गराउने ।

ख. लेटाङ नगरपालिकाको बालबालिका सम्वन्धि योजनाहरूको लागि बजेटको व्यवस्था गर्न समन्वय गर्ने ।

ग. लेटाङ नगरपालिकामा कार्यरत निकायहरूलाई बालबालिका सम्वन्धी कार्यमा समन्वय गर्ने ।

घ. लेटाङ नगरपालिकामा भएका बालबालिका सम्वन्धि कार्यक्रमहरूको समग्र अनुगमन गर्ने ।

ङ. लेटाङ नगरपालिकामा बालमैत्री स्थानीय शासनका लागि अनुसुची ३ को सूचकहरू पुरा गर्नका लागि नेतृत्व तथा सहजिकरण गर्ने ।

५.२.बालमैत्री स्थानीय शासन समितिको बैठक वर्षमा कम्तिमा ३ पटक वस्नुपर्नेछ । बैठकको कार्यविधी समिति आफैले तय गर्ने छ ।

## **६. बालबालिका डेक्सको स्थापना**

६.१. नगर कार्यपालिकाको बैठकबाट नगरपालिकाको बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति (फोकल पर्सन) र वडा समितिको बैठकबाट वडाको बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति (फोकल पर्सन) तोकिनेछ ।

पुनश्च : नगर कार्यपालिकाले नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा यो निर्देशिका जारी हुनु अघि नै बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति तोकी सकेको भएमा निजलाई नै निरन्तरता दिन सकिनेछ ।

६.२. बालबालिका डेक्सको काम, कर्तव्य र संचालन देहाय बमोजिम हुनेछ :

(क) सबै प्रकारका बालबालिकाको खण्डीकृत तथ्यांक र सूचनाको अद्यावधिक गर्ने ।

"स्पष्टीकरण" खण्डीकृत तथ्यांक भन्नाले उमेर, जातजाती, अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेत खुलेको तथ्यांकलाई बुझाउँछ ।

ख) बालक्लव तथा बालक्लव सञ्जालहरूको सूचीकृत गर्ने ।

(ग) बालबालिका, कार्यपालिका र सरोकारवालाहरू बीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

(घ) बाल संरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, प्रधान संरक्षक, बालक्लव_बालक्लव संजालहरूबीच समन्वय र सहकार्य गर्ने ।

(ङ) बाल अधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयनमा सहजीकरण गर्ने ।

(च) बालक्लव, बालक्लव संजाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने ।

(छ) कार्यपालिकाले तोकेको बालविकास, बाल अधिकार संरक्षण र सम्बर्द्धन सम्बन्धी अन्य कार्य गर्ने ।

(ज) वाल संरक्षण समितिमा आवश्यक पर्ने तथ्यांक संकलन गर्ने ।

## ७. बाल संरक्षण समिति गठन, काम, कर्तव्य र अधिकार

### ७.१. लेटाङ नगरपालिकामा देहाय वमोजिमको बालसंरक्षण समिति रहनेछ :

(क) नगर उपप्रमुख : संयोजक

(ख) संरक्षक शिक्षकहरूमध्येबाट बाल संरक्षण समितिले मनोनित गरेको एक जना सदस्य

(ग) महिला स्वास्थ्य कार्यकर्ताहरूमध्येबाट बाल संरक्षण समितिले मनोनित गरेको एक जना सदस्य

(घ) लेटाङ नगरपालिकामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरूमध्येबाट बाल संरक्षण समितिले मनोनित गरेको एक जना सदस्य

(ङ) नगर शिक्षा समिति सदस्य मध्ये बाल संरक्षण समितिले मनोनित गरेको एक जना सदस्य

(च) लेटाङ नगरपालिका नगर बालक्लव संजाल अध्यक्ष एक जना सदस्य

(छ) आदिवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरी कम्तिमा एक महिलासहित बाल संरक्षण समितिले मनोनित गरेको तीन जना सदस्य

(ज) लेटाङ नगरपालिकामा रहेको प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि : सदस्य

(झ) लेटाङ नगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख : सदस्य सचिव

७.१.१. समितिमा मनोनीत सदस्यको पदावधि २ वर्षको हुनेछ ।

### ७.२. बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :

(क) लेटाङ नगरपालिका क्षेत्रमा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका सहित सबै बालकालिकाको अद्यावधिक तथ्यांक कार्यपालिकामा पेश गर्ने ।

“स्पष्टीकरण” विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले (आमाबाबु, अभिभावक विहीन (अनाथ) बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका तथा बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाहा नपाएका बालबालिका, कानूनि विवादमा परेका बालबालिकाहरूमध्ये वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेकाबालबालिका,जबरजस्ती करणीबाट जन्मिएको सन्तानलाई आफूले पालनपोषण गर्न नसक्ने भनी निवेदन परेका बालबालिका, बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाका उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका, जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचालित कानून विपरित श्रममा संलग्न वा धुम्रपान, मद्यपान एवं अन्य लागू औसधको कूलतमा फसेका, एच.आई.भि. संक्रमित बालबालिका, गम्भिर शारीरिक वा मानसिक स्वास्थ्य समस्याका कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाइ भएका बालबालिका,बालबालिकाविरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका, सशस्त्र द्वन्द्व वा विपदका कारणले बाबुआमा दुबै वा आमाबाबुमध्ये एक गुमाएका वा आफू नै

शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका ,परित्यक्त तथा सडकमा आश्रित बालबालिका वा कानुन बमोजिम विशेष हेरचाहा आवश्यक पर्ने भनि तोकिएका बालिकालाई बुझाउनेछ ।

(ख) लेटाङ नगरपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, मञ्च, समुह, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरूको सूची तयार पारी आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको प्रबर्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने ।

(ङ) स्थानीय संघसँस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । कार्यक्रम संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(च) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वय गर्ने ।

(छ) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दीगो विकासका लागि स्रोतको व्यवस्था मिलाउने ।

(ज) बाल संरक्षणका विषयमा सरोकारवाला संघ सस्थालाई बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

(झ) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका रूसमावेश गर्न सहजीकरण गर्ने ।

ञ) बालसंरक्षण सम्बन्धी तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, र आय आर्जन कार्यहरू नगरपालिका वा अन्य स्थानीय तह वा गैर सरकारी संस्था वा निजी क्षेत्रबाट गर्न सकिने विवरण सूचीकरण तथा सिफारिसको प्रवन्ध मिलाउने ।

ट) अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

ठ) बालबालिकासंग सम्बन्धित दिवसहरू नगर स्तरीय निकायहरूसँगको समन्वय र सहकार्यमा मनाउने ।

(ड) वडा बाल संरक्षण समितिहरू, बालक्लव सञ्जालहरू, सरोकारवालाहरू र नगरपालिका वीच समन्वय, सहकार्य र सम्पर्क गर्ने ।

(ढ) कार्यपालिकामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति पेश गर्ने ।

**७.३. <u>समितिको वैठक सम्बन्धी कार्यविधिः</u>**

क) समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ ।

ख) समितिको बैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । सर्वसम्मत निर्णय हुन नसकेमा बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ) नगरपालिका स्तरीय बालसंरक्षण समितिको पदावधि तीन वर्ष रहने छ ।

**७.४. वडा बाल संरक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार :**

**७.४. १. वडामा देहाय वमोजिमको वडा बालसंरक्षण समिति गठन गरिनेछ ।**

(क) वडा अध्यक्ष : संयोजक

(ख) संरक्षक शिक्षकहरूमध्येबाट वडा बाल संरक्षण समितिले मनोनित गरेको १ जना सदस्य

(ग) महिला स्वास्थ्य कार्यकर्ताहरूमध्येबाट वडा बाल संरक्षण समितिले मनोनित गरेको १ जना सदस्य

(घ) सम्बधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरूमध्येबाट वडा बाल संरक्षण समितिले मनोनित गरेको १ जना सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मध्येबाट वडा बाल संरक्षण समितिले मनोनित गरेको १ जना सदस्य

(च) वडा बालक्लव संजालबाट संयोजक सहित कम्तिमा १ बालिका पर्ने गरी २ जना सदस्य

(छ) आदीवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरी वडा बाल संरक्षण समितिले मनोनित गरेका कम्तिमा १ महिलासहित ३ जना सदस्य

(ज) वडा बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति : सदस्य सचिव

७.४.१.१ समितिमा मनोनीत सदस्यको पदावधि २ वर्षको हुनेछ ।

**७.४.२. वडा बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिमको हुनेछ :**

(क) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र कार्यपालिकामा पेश गर्ने ।

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, मञ्च, समुह, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सरकारका विभिन्न निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र सम्वर्धनका निमित्त चेतना अभिबृद्धि गर्ने

(ङ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने ।

बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(च) बालअधिकार हननका सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

(छ) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दीगो विकासका लागि श्रोत व्यवस्था मिलाउने ।

(ज) बाल संरक्षणका विषयमा कार्यपालिकालाई प्रभावकारी हुन मद्दत गर्ने ।

(झ) बालक्लव, वडा बालक्लव सञ्जाल, सरोकारवालाहरू र कार्यपालिका वीच समन्वय र सम्पर्क गर्ने ।

(ञ) वडामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति कार्यपालिकामा पेश गर्ने ।

(ट) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका समावेश गर्न सहजीकरण गर्ने ।

ठ) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू सिफारिसको प्रवन्ध मिलाउने ।

ड) अनाधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

ढ) बालबालिकासंग सम्बन्धित दिवसहरू पालिका स्तरीय निकायहरूसंगको समन्वय तथा सहकार्यमा मनाउने

### ७.४.३. समितिको वैठकसम्बन्धी कार्यविधि

क) समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ) वडाभित्र आवश्यकताका आधारमा वडा बालसंरक्षण समितिलाई सहयोग गर्न आवश्यक परेमा **समुदाय स्तरमा सहयोग समितिहरू गठन गर्न सकिने छ** । सो समितिको संयोजन वडा सदस्यले गर्नेछ । यसको उत्तरदायित्व वडा समितिमा निहित रहनेछ ।

(ङ) वडा बालसंरक्षण समितिमा मनोनित पदाधिकारीको पदावधि २ वर्षको हुनेछ ।

## ८. बालक्लवको गठन, काम, कर्तव्य र अधिकार

८.१. बालक्लव गठन प्रक्रिया तथा बैठक सम्बन्धि व्यवस्था

८.१.१ प्रत्येक विद्यालयमा एक बालक्लव रहने छ । विद्यालयका ५ देखि १८ वर्ष उमेरका सबै विद्यार्थीहरू यसका सदस्य रहने छन् । विद्यार्थी संख्या र आवश्यकता अनुसार विद्यालय स्तरमा उमेर अनुसारका ( ५ देखि ११, १२ देखि १५ र १६ देखि १८ वर्ष समूहका ) छुट्टा छुट्टै बाल उप समूह गठन गर्न सकिने छ । तर समुदाय स्तरका बाल समूह गठन गर्दा ५ देखि १८ वर्ष समूहको एउटै समूह वा क्लव गठन गर्न बाध पर्ने छैन ।

क) बालबालिकाको भेलाबाट देहायअनुसार कम्तीमा ९ (नौ) देखि बढिमा २१ (एक्काइस) सदस्य रहेको कार्यसमिति रहनेछ ।

अ. बालबालिकाले छानीपठाएका एकजना 	अध्यक्ष

आ.बालबालिकाले छानीपठाएका एक जना 	उपाध्यक्ष,

इ.बालबालिकाले छानीपठाएका एकजना 	कोषाध्यक्ष

ई. बालबालिकाले छानीपठाएका 	सदस्य,

ए. बालबालिकाले छानीपठाएका एकजना 	सदस्य सचिव

८.१.२. समिति चयनमा कम्तिमा पचास प्रतिशत बालिका हुने गरी समग्रमा १० प्रतिशत दलित बालबालिका र ५ प्रतिशत अपांग भएका बालबालिका हरूका लागि सिट संख्या आरक्षित गरी जनजाती, मधेसी, मूस्लिम सिमन्तीकृत जाती वर्ग एवं समुदायको समावेशी सहभागिता सुनिश्चित गर्नुपर्ने छ ।

८.१.३. बालक्लवको गठन यो निर्देशिका जारी भएपछि प्रत्येक २ वर्षमा गठन गर्नुपर्ने छ । साथै प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान समाप्त भएपछि एक महिना भित्र अध्यावधिक गरी जानकारी गराउनुपर्ने छ । बालक्लव गठन गर्दा नगर सञ्जालका लागि (३) तीन जना र वडा बाल सञ्जालका लागि (३) तीन जना समावेशी प्रतिनिधि, संरक्षक र प्रधान संरक्षक शिक्षक तोकि विद्यालयको सिफारिस साथ वडामा र सम्वन्धित वडाको सिफारिस साथ नगरपालिकामा सुचीकृत गर्नुपर्नेछ ।

८.१.४.नगरपालिकाले रितपूर्वक आएका बालक्लवहरूलाई आवद्धता/सुचिकृतको अनुसूची.१ अनुसारको प्रमाणपत्र वा नविकरण पत्र बालक्लवहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

ख) समुदायको हकमा विद्यालयमा नसमेटिएका ८ देखि १८ वर्षका बालबालिकाहरू २५ जना भन्दा बढी बालबालिकाको भेलाले बढीमा ११ सदस्य रहेको बालक्लव गठन गरी, नगर सञ्जालका लागि ३ जना समावेशी प्रतिनिधि, संरक्षक तोकि एक महिना भित्र सम्वन्धित वडा र नगरपालिकामा सुचीकृत गर्नुपर्नेछ ।

तर यस्तो बालक्लव वा समूह २ दुइ समूहमा नबढ्ने गरी गठन तथा सूचीकृत गर्नु पर्नेछ ।

(ग) बालक्लवले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, सम्वेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्युनिकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरूको आयोजना समन्वय, सञ्चा॥लन र सहभागिता जनाउनुपर्नेछ ।

(घ) बालक्लवको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बालक्लवले विभिन्न संयोजक तोकी विषयगत उप समिति वा समूहहरू निर्माण गर्न सक्ने छ ।

(ङ) बालक्लबको बैठकको आयोजना गर्दा सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा मासिक रुपमा बैठक सञ्चालन गर्नु पर्नेछ । नियमित बैठक तथा छलफल गर्दा बैठकमा संरक्षक शिक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

च) बालक्लवको बैठकमा प्रस्ताव र निर्णयहरू समिति आफै तयार गर्नेछन् ।

८.२. सहजकर्ता सम्वन्धी व्यवस्था : बाल समूह गठन तथा सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता सस्थाको अनिवार्य उपस्थितिमा हुनुपर्ने छ । यस दफाको प्रयोजनका लागि सहजकर्ता भन्नाले विद्यालयका सामाजिक विषय पढाउने विषय शिक्षक वा कानुन विषय पढेका जुनसुकै तहका शिक्षक वा नगरपालिकाले तोकेको सस्था वा कर्मचारी लाई जनाउने छ ।

८.३. बालक्लव कार्यसमितिको पदावधि २ वर्षको हुनेछ । तर कुनै कारणले पद रिक्त हुन गएमा वा प्रत्येक वर्ष अध्यावधिक गर्दा जुनसुकै पद रिक्त हुन गएमा एक वर्ष वा सो भन्दा कम कार्यकाल भएकोमा कार्यसमितिबाट निर्णय भएबमोजिम पदपूर्ति गर्नुपर्ने छ ।

पदावधि एक वर्ष भन्दा बढी अवधि बाँकी भएकाको हकमा विद्यमान नगर तथा वडा सञ्जालका प्रतिनिधिहरुले नै सम्वन्धित सञ्जालका पदाधिकारी चयन गर्ने छन् । यसरी पद रिक्त भएको जानकारी ३५ दिनभित्र नगरपालिकामा गराई सक्नुपर्ने छ ।

यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधिअनुसार पहिलोपटक गठन भएको समितिको पदावधि वि.सं. २०७८ चैत्र महिना सम्म रहनेछ ।

**९. बालक्लव नगर तथा वडा सञ्जालहरूको गठन तथा बैठक सम्बन्धि व्यवस्था**

९.१. नगरपालिकाभरीका बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सृजना गर्न सबै वडाका विद्यालय र समुदायका बाल क्लबको प्रतिनिधिहरूको भेलाबाट बढीमा १९ उन्नाइस सदस्यीय नगर बाल क्लव सञ्जालको गठन गरिनेछ । समितिमा सदस्य चयन गर्दा समावेशी सिद्धान्त अनुसार गर्नु पर्नेछ ।

| | |
|---|---|
| क) बालक्लबका प्रतिनिधिहरूले छानीपठाएको एक जना | अध्यक्ष |
| ख) बालक्लबका प्रतिनिधिहरूले छानीपठाएको (१ महिला र १ पुरुष) २ दुई जना | उपाध्यक्ष |
| ग) बालक्लबका प्रतिनिधिहरूले छानीपठाएका एक जना | कोषाध्यक्ष |
| घ) बालक्लबका प्रतिनिधिहरूले छानीपठाएका एक जना | सचिव |
| ङ) बालक्लबका प्रतिनिधिहरूले छानीपठाएका एक जना | सह सचिव |
| छ) बालबालिकाको प्रतिनिधि बढीमा १३ जना | सदस्य |

९.२. नगरपालिकाले बाल क्लब सञ्जाल गठन गर्नका लागि बाल क्लव प्रतिनिधिहरूको भेला आयोजना गर्नु पर्नेछ ।

९.३. यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका समुदाय र विद्यालयका बाल क्लबहरूलाई भेलाको मितिले ७ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ ।

- भेलाको मिति, समय र स्थान,
- भेलामा छलफल हुने विषयहरू,
- भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,
- अन्य आवश्यक विषयवस्तु ।

९.४. बाल क्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा भएको देखिने कागजात पेश गर्नुपर्नेछ ।

- आफ्नो बाल क्लबबाट प्रतिनिधि तोकिएको निर्णय गरेको हुनुपर्नेछ ।
- अभिभावकबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनुपर्नेछ ।

- बाल क्लबले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्नेछ।
- सञ्जाल भेलामा सहभागी हुने बाल क्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्रको बालक्लवमा आवद्द भएको हुनु पर्नेछ।
- सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९ मा व्यवस्था भए बमोजिमको हुनेछ। सञ्जालको नतेृत्वको पुर्नगठन प्रत्येक वर्ष गर्नुपर्नेछ।
- सहभागी बालबालिका जुनसुकै वडा तथा पालिकाको भए तापनि अध्यनरत विद्यालयको उमेर समूहबाट प्रतिनिधित्व गर्न पाउँनेछ।

९.५. नगरपालिकाको प्रत्येक वडामा देहायअनुसारको एक वडा बाल क्लव सञ्जाल रहने छ।

९.६. वडा कार्यालयले नगरपालिकामा रितपूर्वक सूचीकृत वडाभित्रका बाल क्लवहरुबाट दफा ८.१.३ अनुसार छनौट भएका वडा बाल सञ्जालका प्रतिनिधिहरूको भेला गराई बढीमा ११ सदस्य रहेको वडा बाल क्लव सञ्जाल गठन गरिनेछ। समितिमा सदस्य चयन गर्दा समावेशी सिद्धान्त अनुसार गर्नु पर्नेछ।

| | |
|---|---|
| क) बालक्लबका प्रतिनिधिहरूले छानीपठाएको एक जना | अध्यक्ष |
| ख) बालक्लबका प्रतिनिधिहरूले छानीपठाएको (महिला र पुरुष) २ दुई जना | उपाध्यक्ष |
| ग) बालक्लबका प्रतिनिधिहरूले छानीपठाएका एक जना | कोषाध्यक्ष |
| घ) बालक्लबका प्रतिनिधिहरूले छानीपठाएका एक जना | सचिव |
| ङ) बालबालिकाको प्रतिनिधि बढीमा ६ जना | सदस्य |

९.७. नगर तथा वडा वाल सञ्जाल एक पटक गठन भए पछि प्रत्येक २ वर्षमा नयाँ गठन गर्नुपर्ने छ। यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधिअनुसार पहिलोपटक गठन भएको समितिको पदावधि २०७८ चैत्र मसान्त सम्म रहनेछ।

९.८. सञ्जालको बैठक कार्यविधि वडा कार्यालयले तोकेबमोजिम हुनेछ।

९.९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन:

९.९.१. बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ।

९.९.२. सञ्जाल गठन गर्दा प्रतिस्पर्धी बालबालिकाहरूलाई सहमति गराई एक आपसमा स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ।

९.९.३. प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ।

९.९.४ बालबालिकामाझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ।

९.१०. वडा तथा नगरपालिकामा गठन भएका बालक्लव सञ्जालहरू गठन भएको एक महिनाभित्र सम्वन्धित कार्यालयमा सूचीकृत गर्नुपर्नेछ।

९.११. सूचीकृत भएका बालक्लव सञ्जालहरूले हरेक वर्ष अध्यावधिक गरी कार्यपालिकाको कार्यालयमा नविकरण गर्नुपर्नेछ। यसरी अध्यावधिक हुँदा सम्बन्धित सञ्जालले अध्यावधिक गर्ने व्यहोराको निवेदन, सञ्जालको वार्षिक भेलाको उपस्थिति, विद्यमान कार्यसमितिको नामावली, संरक्षकको नाम, ठेगाना र सञ्जालले अघिल्लो वर्ष सञ्चालन गरेका क्रियाकलापहरूको वार्षिक प्रगति प्रतिवेदन अनिवार्य संलग्न गर्नु पर्नेछ।

**१०.बालक्लव तथा बालक्लव सञ्जालका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः**

पदाधिकारीहरूको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ

**१०.१. अध्यक्षको काम, कर्तव्य र अधिकार**

१. समूहको वैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने।

२. समूहको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने।

३. समूहको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने।

४. समूहको निर्णय र जिल्ला बालकल्याण समिति (पछि परिवर्तित भए सोही बमोजि रहने) को निर्देशन कार्यान्वयन गर्ने गराउने।

५.समूहको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने।

६. उपाध्यक्ष र सदस्यहरूलाई विषयगत कार्यभार विभाजन गरी दिने।

७. सात (७) दिन भन्दा बढी समयका लागि नगर बाहिर गई अनुपस्थित हुनुपर्ने भएमा उपाध्यक्षलाई र उपाध्यक्ष समेत नभएमा सदस्य मध्येका एक सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने।

८. नगरपालिका तथा बाल समूह जिल्ला समन्वय समितिसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरूसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने।

९. तोकिएको अन्य कार्य गर्ने।

**१०.२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने।

२. तोकिएको अन्य काम गर्ने।

**१०.३. सचिवको काम, कर्तव्य र अधिकारः सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछ।**

१. सञ्जाल वा समूहको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने।

२. बालबालिका वा बाल समूहसंग सम्बन्धित व्यक्तिको अध्यावधिक अभिलेख राख्ने।

३. समूहको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने।

४. समूहको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने।

५. समूहको प्रशासकीय कार्य गर्ने।

६. अध्यक्षको निर्देशन अनुसार वैठक बोलाउने।

७. तोकिएको अन्य कार्य गर्ने।

**१०.४. सहसचिवको काम, कर्तव्य र अधिकारः**

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार संहाल्ने।

२. तोकिएको अन्य कार्य गर्ने ।

**१०.५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:**

१. क्लव/समूहको आय व्यय दुरुस्त राख्ने ।

२. आर्थिक वजेट तयार गरी समूहको वैठकमा पेश गर्ने ।

३. आर्थिक सहयोग जुटाउने ।

४. आर्थिक कारोवार सम्वन्धी जिम्मेवारी पूरा गर्ने ।

**१०.६. सदस्यको काम कर्तव्य र अधिकार:**

१. वैठकमा सहभागी हुने ।

२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।

३. तोकिएको कार्य गर्ने ।

४.समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

## परिच्छेद - ३

## बाल कोषको व्यवस्था तथा संचालन

**११. बालबालिकाको संरक्षण र सर्म्बद्धनका लागि बाल कोषको व्यवस्था**

११.१.लेटाङ नगरपालिका तथा वडा स्तरमा एक-एक वटा बाल कोषको स्थापना गरिने छ ।

११.२. कोषमा देहाय बमोजिमको रकमहरू रहनेछ :

(क) स्थानीय तहबाट विनियोजन गरिएको रकम ,

(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम ,

(ग) विदेशी सरकार, अन्तराष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम ,

(घ) स्वदेशी संघ, संस्था र व्यक्तिबाट प्राप्त रकम र

(ङ) अन्य विविध श्रोत बाट प्राप्त हुन आएको रकम ।

११.३. बालकोषको प्रयोग बाल अधिकार संरक्षण र सम्बर्द्धनका सबै क्षेत्रमा योजना निर्माण गरी परिचालन गर्न सकिने छ । यसरी बालकोषको रकम खर्च गर्दा विशेषत जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सम्वर्द्धनका लागि निम्न शिर्षकमा खर्च गर्न विषेश प्राथमिकता दिनु पर्नेछ ।

(क) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(ख) हराएको वा वेवारिस अवस्थामा फेला परेको,

(ग) ॠणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको,

(घ) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएको,

(ङ) दूर्घटनामा परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(च) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले बेवारीस भएको,

(छ) यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,

(ज) हिंसाबाट प्रभावित भएको,

(झ) बाबुआमा वा संरक्षकबाट बन्चित भएको,

(ञ) अपाङ्गता भएको,

(ट) सुस्तमनस्थिति भएको,

(ठ) अपहरण वा शरीर बन्धकमा परेको,

(ड) सडक बालबालिका,

(ढ) एच.आई.भी. एड्स संक्रमित भएको,

(ण) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भई संरक्षण विहिन अवस्थामा फेला परेका शिशु ,

(त) विभिन्न कारणबाट आमाबुवाबाट त्यागिएका र

(थ) समितिले तोकेका अन्य बालबालिका ।

११.४. बाल कोषको रकम खर्च गर्नका लागि दफा १२ बमोजिमको समितिबाट योजना तथा कार्यक्रम तर्जुमा गरी नगरकार्यपालिका बाट अनिवार्य स्वीकृत गर्नु पर्नेछ ।

११.५. दफा ११.४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको कुल खर्च रकमको १० प्रतिशत सम्मको रकम कोष सञ्चालक समितिको बैठक सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिने छ ।

**१२. योजना तथा कार्यक्रम तर्जुमा एवं कोष परिचालन समितिको गठन देहाय बमोजिम हुनेछ ।**

**१२.१. नगर स्तरीय योजना तथा कार्यक्रम तर्जुमा एवं कोष परिचालन समिति :**

(क) नगर प्रमुख – संयोजक

(ख) नगर उपप्रमुख – सदस्य

(ग) नगर कार्यपालिका सदस्यमध्ये नगर प्रमुखले तोकेको महिला सदस्य – सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ङ) नगर बाल सञ्जालका अध्यक्ष – सदस्य

(च) नगर बाल सञ्जालका अध्यक्षले तोकेको नगर सञ्जालको महिला सदस्य – सदस्य

(छ) महिला,वालवालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख – सदस्य सचिव

**१२.१. वडा स्तरीय योजना तथा कार्यक्रम तर्जुमा एवं कोष परिचालन समिति :**

(क) सम्वन्धित वडाको वडाध्यक्ष – संयोजक

(ख) सम्वन्धित वडाध्यक्षले तोकेको महिला सदस्य – सदस्य

(ग) सम्वन्धित वडा सचिव – सदस्य

(घ) वडा बाल सञ्जालको अध्यक्ष – सदस्य

(ङ) वडा बाल सञ्जाल अध्यक्षले तोकेको सञ्जालको १ महिला सदस्य सहित – २ सदस्य

(च) वडास्तरमा बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति – सदस्य सचिव

**१३. <u>समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ</u>**

(क) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(झ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ञ) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

**१४. समितिको बैठक र निर्णय**

१४.१. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

१४.२. समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

१४.३. समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरूलाई दिनु पर्नेछ ।

१४.४. समितिको दुई तिहाइ सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

१४.५. समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

१४.६. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

१४.७. समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

१४.८. समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४.९. जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

**१५. कोषको खाता सञ्चालन**

(क) कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त पायक पर्ने बैङ्कमा खाता खोली सञ्चालन गरिनेछ ।

(ख) उपदफा क बमोजिमको खाता सञ्चालनका लागि लेटाङ नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ ।

**१६. रकम फ्रिज सम्वन्धी व्यवस्था**

क) कोषको रकम फ्रिज हुने छैन ।

ख) कोष सम्वन्धी अन्य व्यवस्था प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुने छ ।

**१७. कोषको लेखा र लेखा परीक्षण :**

(क) कोषको आय व्ययको लेखापरीषण प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुने छ ।

**१८. प्रतिवेदन पेश गर्ने**

क) समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४

## विविध

**१९. बालमैत्री नगरपालिका घोषणाः** १) लेटाङ नगरपालिकालाई बालमैत्री नगरपालिका घोषण योग्य बनाउन आवश्यक सम्पूर्ण सूचक पुरा गर्ने कार्यमा जनप्रतिनिधि, सरोकारवाला संघ सस्था, कार्यालय, निकाय लगायतलाई परिचालन गर्ने तथा बालमैत्री नगरपालिका घोषणा गर्ने सम्पूर्ण जिम्मेवारी बालमैत्री स्थानीय शासन नगर समिति मार्फत नगरकार्यपालिकामा निहित रहनेछ ।

२) उपदफा (१) बमोजिम बालमैत्री नगरपालिका घोषणा गर्न निम्न प्रक्रिया अवलम्वन गरिने छः

क. बलमैत्री स्थानीय शासन आचारसंहिता निर्माण तथा प्रकाशन गर्ने ।

ख. बालमैत्री स्थानीय शासनको सूचकहरुको वडा तथा समुदाय स्तरमा अभिमुखिकरण गर्ने ।

ग. बाल क्लव वा समूह र सञ्जाल नगर तथा वडा स्तरीय समितिहरु गठन र परिचालन गर्ने ।

घ. अनूसूची ३ को बालमैत्री स्थानीय शासन सूचकहरुको वस्तुगत विवरण सहित स्थिति प्रतिवेदन तयार गर्ने ।

ङ. वडा तथा समुदाय स्तरमा बालमैत्री नगरपालिका घोषणा र दिगोपनाका योजना तथा कार्यान्वयन रणनीति निर्माण र प्रतिवद्धताको निर्णय गर्ने ।

छ. वस्तुगत विवरणको सत्यापन गर्ने ।

ज. नगर स्तरीय संरक्षण समितिबाट अनुगमन गरी घोषणाका लागि योग्य हुन कम्तीमा ८० प्रतिशत प्रगती प्राप्त भएको सुनिश्चितता गर्ने ।

झ. बालमैत्री नगरपालिका घोषणा पश्चातको कार्य योजना स्वीकृत र बालमैत्री नगरपालिका घोषण गर्ने ।

ञ. बालमैत्री नगरपालिका घोषणा गर्ने कार्यहरु गर्न समिति गठन, सहजकर्ता सस्था वा व्यक्ति तोक्ने वा नियुक्ति गर्न सक्नेछ ।

**२०. प्रोत्साहन पुरस्कारको व्यवस्था :** बालसंरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति बालक्लव, सञ्जाल तथा संघसंस्थालाई कार्यपालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

**२१. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार :** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्रुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

**२२. स्रोतको व्यवस्थापन :** कार्यपालिका तथा वडाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयका लागि आवश्यक वजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

२३. **कार्य सञ्चालन :** बालबालिका सम्बन्धी कार्य संचालन गर्दा यो कार्यविधि बमोजिम गर्नुपर्नेछ। तर यस कार्यविधिमा उल्लेख नभएका विषयको हकमा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानुनमा भएको बालअधिकार संरक्षण र सम्वर्द्धन प्रक्रियाहरू अवलम्वन गर्न बाधा पर्ने छैन।

२४. **खारेजी र बचाउ :** यो कार्यविधी नेपालको संविधान, बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानूनसंग बाझिन गएमा बाझिएको दफा तथा बुँदाहरू स्वत निश्कृय भएको मानिने छ।

अनुसूची-१

( दफा ८.१.४. सँग सम्बन्धित )

**बाल क्लव सूचीकृत प्रमाणपत्रको नमुना**

लेटाङ नगरपालिका

लोगो

**नगर कार्यपाकिाको कार्यालय**

लेटाङ,मोरङ

प्रदेश नं. १, नेपाल

आवद्धता नं. मिति / /

श्री.......................................बाल क्लव

लेटाङ नगरपालिका ........... मोरङ ।

मोरङ जिल्ला लेटाङ नगरपालिका वडा नं ............को .....................................विद्यालय/समुदायमा गठन भएको ..................................... बाल क्लवलाई लेटाङ नगरपालिका बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७७ को दफा ८.१.४ ले व्यवस्था गरेबमोजिम लेटाङ नगरपालिकामा आवद्धता गरी आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ ।

बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धि अन्तराष्ट्रिय महासन्धि तथा बालबालिका सम्वन्धी कानुनहरुको अधिनमा रही लेटाङ नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सकृय सहभागिताको अपेक्षा गर्दछौं ।

सूचीकृत बाल क्लवले प्रत्येक २।२ बर्षमा नविकरण गर्नु पर्ने छ ।

प्रमाणित गर्ने

नाम :

पद :

दस्तखत

अनुसूचि २

बालक्लव/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा

मिति

श्री मान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लेटाङ नगरपालिका, मोरङ ।

**<u>विषय : बालक्लव सूचिकृत/आबद्धता गरी पाऊँ ।</u>**

महोदय,

हामीले ........................ नामको बालक्लव खोल्न चाहेकोले .............................स्थानीय तहवाट स्विकृत "बालमैत्री,बालअधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७६ को दफा ८ (१.४) ले गरेको व्यवस्था" बमोजिम बालक्लव सुचिकृत/आबद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

भवदीय

अध्यक्ष

बालक्लव आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरू

१) अनुसुची २ अनुसारको निवेदन

२) अनुसुची ५ अनुसारको विधान २ प्रति

३) बालक्ल्वको निर्णय

४) विद्यालयको हकमा विद्यालयको सिफारिस

५) वडाको सिफारिस

६) बालक्लवको कार्यसमितिको बालबालिकाहरूको जन्मदर्ताको प्रतिलिपी

## अनुसुची ३

## बालमैत्री स्थानीय शासन का ३९ सुचकहरू

**बाल बचाऊ क्षेत्रका सूचकः**

- ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) हुनुपर्ने ।
- १ वर्षभित्रका बालबालिकाले पूर्ण रुपमा खोप - बि. सि. जि., डिपिटी, हेपटाइटिस बि, हिब ३, पोलियो, दादुरा, मात्रा) पाएको हुनुपर्ने ।
- ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनुपर्ने
- गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको हुनुपर्ने ।
- गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने ।
- गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनुपर्ने ।
- एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरूले ब्च्ख एचयउजथबिहष्क  पाएका  हुनुपर्ने ।
- गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने ।
- सबै घरधुरीमा स्वच्छ खानेपानीको सुविधा हुनुपर्ने ।
- सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनुपर्ने (चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि) ।

**बाल संरक्षण क्षेत्रका सूचकः**

- ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनुपर्ने ।
- बाल विवाहको संख्यामा कमी आएको हुनुपर्ने ।
- निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनुपर्ने ।
- घरपरिवार र समुदायवाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्न पहल भएको  हुनुपर्ने ।
- बाल संरक्षण सम्वन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली सक्रिय भएको हुनुपर्ने ।

**बालविकास क्षेत्रका सूचकः**

- ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिकाहरू प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनुपर्ने ।
- ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेको हुनुपर्ने ।
- कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिकाहरू विद्यालय भर्ना भएका हुनुपर्ने ।
- विद्यालय जान नपाएका वालवालीकाहरूले  अनौपचारिक शिक्षा प्राप्त गरेको हुनुपर्ने ।
- प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनुपर्ने ।
- प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हुनुपर्ने ।

**बालसहभागिता क्षेत्रका सूचक:**

- स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरूको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको हुनुपर्ने, ।
- स्थानीय तहले संचालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको हुनुपर्ने ।
- विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरवाट बालवालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनुपर्ने ।
- स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व हुनुपर्ने ।
- नगरपालिकाको प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको हुनुपर्ने ।
- जिल्ला, नगर तथा गाँउ तहमा बाल संजाल गठन भएको हुनुपर्ने ।

**संस्थागत विकास क्षेत्रका सूचकहरू**

- स्थानीय तहको परिषद् बैठक नियमित रुपमा संचालन भएको हुनुपर्ने ।
- स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनुपर्ने ।
- स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनुपर्ने ।
- स्थानीय विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहेको हुनुपर्ने ।।
- स्थानीय स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य व्यवस्थापन समितिक्रियाशील रहेको हुनुपर्ने ।
- स्थानीय स्तरमा बालविकास केन्द्र, बालकक्षा तथा पूर्व प्राथमिक कक्षाहरू संचालन भएका हुनुपर्ने ।
- स्थानीय स्तरमा बालक्लवहरूको सक्रियता रहेको हुनुपर्ने ।
- स्थानीय स्तरमा प्यारालिगल कमिटि र बालअधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहेको हुनुपर्ने ।।
- स्थानीय स्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तर सम्म उनीहरूको प्रतिनिधित्व रहेको हुनुपर्ने ।।
- बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजनातर्जुमा भै कार्यान्वयनभएको हुनुपर्ने ।।
- जिल्ला, नगर तथा गाँउ विकास योजनामा बालबालिकाकासंग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनुपर्ने ।
- बाल बालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनुपर्ने ।

## अनुसूची ४

## बाल क्लव वा समूहको गठन तथा कार्य संचालन विधानको नमूना

**प्रस्तावनाः**

राष्ट्र निर्माणको लागि बालबालिकाहरूको समेत भूमिका महत्वपूर्ण हुने भएकोले उनीहरूको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाहरूको हकहित एवं बाल अधिकारको विषयमा जनचेतना जगाई सामाजिक, सांस्कृतिक, शैक्षिक एवं अन्य सम्बद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकासका साथै बाल संरक्षणको पहल गर्न आवश्यक भएकाले ............. वालक्लव गठन गरी सञ्चालन गर्न यो विधान तर्जुमा गरि लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

यस विधानको नाम "................ बाल क्लव गठन तथा कार्य संचालन निर्देशिका २०७६ रहने छ। यो विधान नगरपालिकाबाट स्वीकृत भए पछि तुरुन्तै लागु हुनेछ।

**२. कार्यालयः** यस विधान बमोजिम गठित ............. बाल क्लव......... को कार्यालय मोरङ जिल्ला .............. लेटाङ न.पा. वडा नं. ........ स्थित .................. स्थानमा रहनेछ।

**३. ठेगानाः** यस बाल क्लवको पत्राचार इमेल वा सम्पर्क ठेगाना निम्न बमोजिम हुनेछः

..................................................................................................................

**४. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः**

(क) "क्लव" भन्नाले यस विधानको दफा ६ अनुरुप गठित क्लव जनाउने छ। यो क्लव लेटाङ नगरपालिकामा आवद्दता भएको बाल क्लवलाई जनाउनेछ।

(ख) "बालबालिका" भन्नाले यस विधानको प्रयोजनको लागि ८ वर्षदेखि माथि १८ वर्ष ननाघेका बालबालिकाहरूलाई जनाउनेछ।

**५. उद्देश्य एवं कार्यहरूः**

यस बाल समूहको देहाय बमोजिमका उद्देश्य एवं कार्यहरू रहनेछन्:

(क) बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा सहभागितात्मक विकासको अभिबृद्धि गर्ने।

(ख) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनको बारेमा सचेतना जगाउने।

(ग) बाल समूहको विस्तार र संगठनात्मक क्षमता अभिबृद्धि गर्ने।

(घ) धर्म, वर्ण, लिङ्ग, जातजाति वा अन्य कुनै आधारमा बालबालिकाहरूलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने।

(ङ) बालबालिकाहरूको विरुद्ध हुने घरायसी हिंसा, बाल यौन शोषण, बाल दुर्व्यवहार, बालश्रम, बाल बेचविखन, बाल विवाह जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानूनी उपचारको लागि सहयोग गर्ने।

(च) बाल अधिकार सम्वन्धी विबिध कार्यकमहरू संचालन गर्ने।

(छ) बाल विकास सम्बन्धी विविध कार्यक्रमहरू संचालन गर्नु।

(ज) पूर्व बालविकास सम्बन्धी कार्यक्रमहरूमा सहभागी गराउने।

(झ) बालबालिका सम्बन्धी हरेक गतिविधिमा सहभागिता गराउने ।

(ञ) वातावरण स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउने ।

(ट) आफ्नो समूह भित्रका बालबालिका सम्बन्धी विविध आधारमा तथ्यांक संकलन गर्ने ।

(ठ) बालबालिकाहरूको समस्या पहिचान गरी सो समस्या सम्बन्धित निकायमा पुऱ्याउन र समाधान गर्ने प्रयत्न गर्ने ।

(ड) जन्मदर्ता, बाल शिक्षा, बालिका शिक्षा, बालबृद्धि (तौल) सरसफाई, खोप पोषण, बालस्याहार, आयोडिनको महत्व जस्ता मातृ एवं बाल स्वास्थको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने ।

(ढ) बालबालिकाहरूसँग सम्वन्धित रोग झाडा पखाला, निमोनिया तथा खुल्ला दिशा पिसाव मुक्त क्षेत्र वनाउने लगायतका विषयमा समाजमा जानकारी एवं सो को निरकरणको लागि चेतना जगाउने ।

(ण) पिछडिएका, जोखिममा परेका, विपन्न, द्वन्द एवं दैवी प्रकोपबाट पिडित बालबालिकाहरूको पुर्नस्थापनाको लागि पहल गर्ने ।

(त) अन्य बाल समूहहरू वा निकायसँग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने ।

(थ) बालबालिकाको पूर्ण विकासका लागि अन्य विविध रचनात्मक कार्यक्रमहरू संचालन गर्ने ।

(द) एच.आई.भि. एड्सका सम्वन्धमा जनचेतना जागृत गराउने ।

(ध) बाल विवाह, वहुविवाह, अनमेल विवाह, जातिय भेदभाव एवं दाइजो प्रथा लगायत सामाजिक विकृतिको विरुद्ध जनचेतना जगाउने ।

(न) बालबालिकाहरूलाई विविध प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव बालबालिकालाई सरिक गराउन पहल गर्ने ।

**६. बाल क्लवको गठनः**

६.१ बालक्लवको गठन समूहका साधारण सदस्यहरूको साधारण सभाबाट हुने निर्वाचन प्रकृयाबाट हुनेछ । यस बालक्लवको कार्य समितिमा निम्नानुसारका पदाधिकारी हुनेछन्:

(क) अध्यक्ष : १जना

(ख) उपाध्यक्ष : २ जना महिला १ र पुरुष १

(ग) सचिव : १ जना

(घ) सहसचिव : १ जना

(ङ) कोषाध्यक्ष : १ जना

(च) सदस्य : घटिमा २ जना र बढिमा ९ जनासम्म

(छ) सल्लाहकार : बालबालिकाबाटै आवश्यकतानुसार

(ज) संरक्षक शिक्षक वा संरक्षक : १ जना

६.२ बाल क्लवको कार्य समितिको संरचना समावेशीताको आधारमा गठन हुनेछ ।

**७. सल्लाहकारः**

**बाल क्लवले सल्लाहकार नियुक्ति गर्दा निम्न आधारमा गर्नु पर्दछ :**

(क) पूर्व बाल क्लवको अध्यक्ष पदेन सल्लाहकार हुनेछ ।

**८. संरक्षकः**

बाल क्लवका संरक्षकमा संस्थालाई अभिभावकको रुपमा आर्थिक वा व्यवस्थापकीय सहयोग प्रदान गर्ने शिक्षक/व्यक्ति रहने छन् । संरक्षकको नियुक्ति बाल समूहको निर्णय अनुसार हुनेछ ।

८.१ विद्यालयमा एकजना शिक्षक संरक्षक र प्राधानाध्यापक प्रमुख संरक्षक शिक्षक रहनेछन ।

**९. पदावधिः**

बाल क्लवको पदावधी गठन भएको मितिले २ वर्षको हुनेछ । कुनै पदाधिकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागि सम्बन्धित बाल क्लवले आफु मध्येबाट नियुक्ति गर्नेछ र सदस्य पदका लागि आफ्नो साधारण सदस्य मध्येबाट चयन गर्नु पर्नेछ ।

**१०. पदाधिकारीको काम, कर्तव्य र अधिकारः**

पदाधिकारीहरूको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

१. क्लवको वैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।

२. क्लवको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने।

३. क्लवको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने राख्न लगाउने ।

४. क्लवको निर्णय र जि.वा.क.स. को निर्देशन कार्यान्वयन गर्ने गराउने ।

५.क्लवको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने।

६. उपाध्यक्ष र सदस्यहरूलाई विषयगत कार्यभार विभाजन गरी दिने ।

७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।

८. बाल क्लव जिल्ला समन्वय समितिसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरूसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने ।

९. तोकिएको अन्य कार्य गर्ने ।

**ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।

२. तोकिएको अन्य काम गर्ने ।

**ग. सचिवको काम, कर्तव्य र अधिकारः सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारकोप्रयोग तथा पालन गर्नु पर्नेछः**

१. क्लवको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।

२. बालबालिका वा बाल क्लवसंग सम्बन्धित व्यक्तिको अध्यावधिक अभिलेख राख्ने ।

३. क्लवको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।

४. क्लवको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।

५. क्लवको प्रशासकीय कार्य गर्ने ।

६. अध्यक्षको निर्देशन अनुसार वैठक बोलाउने ।

७. तोकिएको अन्य कार्य गर्ने ।

**घ. सहसचिवको काम, कर्तव्य र अधिकारः**

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार संहाल्ने ।

२. तोकिएको अन्य कार्य गर्ने ।

**ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. क्लवको आय व्यय दुरुस्त राख्ने ।

२. आर्थिक वजेट तयार गरी समूहको वैठकमा पेश गर्ने ।

३. आर्थिक सहयोग जुटाउने ।

४. आर्थिक कारोवार सम्वन्धी जिम्मेवारी पूरा गर्ने ।

**च. सदस्यको काम कर्तव्य र अधिकारः**

१. वैठकमा सहभागी हुने ।

२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।

३. तोकिएको कार्य गर्ने ।

४.समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

**११. सदस्यताः**

**अ. सदस्यताको योग्यताः**

यस बाल समूहमा देहायका बालबालिका सदस्य हुन पाउने छन् :

(क) उमेर कम्तिमा ८ वर्ष पुगी १८ वर्ष ननाघेको

(ख) स्थायी सरुवा रोग नलागेको ।

(ग) मगज नविग्रेको वा बौलाहा नभएको ।

(घ) समूहको निर्देशिकामा प्रतिबद्ध हुने ।

**आ. सदस्यताको खारेजीः**

(क) मगज विग्रेमा वा बौलाहा भएमा ।

(ख) १८ वर्ष उमेर नाघेमा ।

(ग) मृत्यु भएमा ।

(घ) राजिनामा दिएमा ।

(ङ) अविश्वासको प्रस्ताव पारित भई हटाइएमा ।

(च) सदस्यता नविकरण नभएमा ।

(छ) लगातार तीन पटक विना सूचना वैठकमा अनुपस्थित भएमा ।

(ज) एक भन्दा बढी बाल समूहको सदस्यता लिएको पाइएमा वा प्रतिनिधित्व गरेमा ।

**१२. समूहका पदाधिकारीको उमेरको हदः**

बाल समूहका कार्यसमितिका पदाधिकारीको उमेर कम्तिमा आठ वर्ष पुगेको हुनु पर्नेछ  र १८ वर्ष सम्मको रहनेछ ।

**१३. आरक्षण:**

यस बाल समूहमा सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५० प्रतिशत बालिका हुनुपर्नेछ तर समूहमा प्रर्याप्त बालिका सदस्य नभएमा पनि समूह कायमै रहनेछ ।

**१४. सदस्यता शुल्क तथा नविकरण:**

(क) बाल समूहको सदस्यता शुल्क वा नविकरण शुल्क वा अन्य कुनै शुल्क बाल समूहले तोके बमोजिम हुनेछ ।

(ख) बाल समूहका सदस्यले आ आफ्ना समूहमा हरेक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ ।

(ग) बाल क्लबले बाल क्लब लेटाङ नगरपालिकामा प्रत्येक वर्ष समूहको वार्षिक प्रतिवेदनका साथ कार्यविधि अनुसार नविकरण गराउनु पर्नेछ ।

**१५. बैठक:**

बाल समूहले कम्तिमा महिनाको एक पटक बैठक बस्नु पर्नेछ । बैठकको गणपूरक संख्या ५१% को उपस्थितिलाई मानिनेछ ।

**१६. निर्णय:**

बाल समूहको बैठकमा बहुमतको निर्णय मान्य हुने छ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने सक्ने छ ।
नोटः निर्णय प्रक्रियामा संरक्षक वा सल्लाहकारले मतको प्रयोग गर्न पाउने छैनन् ।

**१७. निर्वाचन:**

बाल समूहले प्रजातान्त्रिक पद्धति अनुरुप आफ्नो समूहको निर्वाचन पदावधि समाप्त हुनुभन्दा एक महिना पहिले सम्पन्न गर्नुपर्नेछ ।

**१८. निर्वाचन अधिकृत :**

बाल समूहले आफ्ना संरक्षक एवं सल्लाहकार मध्येबाट कम्तिमा तीन जना निर्वाचन समिति तोक्नु पर्नेछ । सो मध्ये एक जना मुख्य निर्वाचन अधिकृत रहने छन् । मुख्य निर्वाचन समितिले निर्वाचन प्रक्रिया वा कार्यविधि आफै निर्धारण गर्नेछ ।

**१९. कोष:**

(क) यस बाल समूहले आफ्नो नामबाट एउटा कोषको स्थापना गर्नेछ ।

(ख) बैंक वा आर्थिक कारोवार गर्न स्वीकृती प्राप्त वित्तिय संस्थामा खाता संचालन गर्न समूहले अध्यक्ष,कोषाध्यक्ष र संरक्षक तीनजनाको नामबाट सञ्चालन गर्नुपर्नेछ । कोषबाट रकम झिक्नु पर्दा समूहको निर्णय अनिवार्य रुपमा हुनु पर्नेछ । बाल समूह/क्लवको निर्णय अनुसार कोषको रकम खर्च गर्न सकिने छ । यसरी वैंक खाता खोल्नका लागि नगरपालिकाको सिफारिस अनिवार्य रहनेछ ।

(ग) कोषमा देहायका स्रोतबाट रकम जम्मा हुनेछ:

१. बालबालिकसँग सम्वन्धित निकायबाट प्राप्त सहयोग ।

२. सहयोग, उपहार ।

३. सदस्यता तथा नविकरण शुल्क ।

४. सांस्कृतिक वा विविध रचनात्मक कार्यक्रमबाट उठेको रकम।

५.समूहको प्रकाशनबाट प्राप्त हुने रकम ।

६. बाल समूह जिल्ला समन्वय समितिबाट प्राप्त हुने रकम ।

७. अन्य सामाजिक संघ संस्थाबाट प्राप्त रकम ।

**२०. प्रतिवेदनः**

बाल क्लव वा समूहले आफ्नो वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन लेटाङ नगरपालिकामा प्रत्येक वर्षको असार मसान्त भित्र पेश गर्नु पर्नेछ ।

**२१. संशोधनः**

यो विधान संशोधन गर्दा बाल समूहको साधारण सभाको दुई तिहाई सदस्यहरूको वहुमतले निर्देशिका संशोधन प्रस्ताव पारित भई लेटाङ नगरपालिकामा दर्ता भएपछि लागू हुनेछ ।

**२२. बचाउः**

प्रस्तुत विधानमा उल्लेखित कुराहरू प्रचलित नेपाल ऐन नियम वा विनियमसँग बाँझिएमा बाँझिएको हदसम्म यस विधानमा उल्लेखित कुराहरू स्वतः निश्कृय हुनेछन् ।

**२३. बाल क्लव वा समूहको खारेजी वा विघटनः**

कुनै कारणवश बाल क्लव वा समूह खारेजीमा परेमा वा विघटन हुन गएमा त्यस समूहको सम्पूर्ण चल अचल सम्पत्ति स्वत लेटाङ नगरपालिकाको संरक्षणमा सर्नेछ ।

**२४. विविधः**

१. साधारण सभाः समूहको साधारण वर्षको एक पटक बस्नेछ । साधारण सभाको सूचना प्रत्येक सदस्यहरूलाई १ महिना अगावै सचिवले दिनु पर्नेछ । साधारण सभामा समूहको वार्षिक कार्य प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना सम्वन्धी प्रस्तावहरू निर्णयार्थ समूहले पेश गर्नेछ । साधारणसभाको गणपूरक संख्या समूहका साधारण सदस्यहरूको ५१% को उपस्थितिलाई मानिनेछ ।

२. विनियम बनाउनेः विधानको उद्देश्य प्राप्तीको लागि समूहले आफूलाई आवश्यक पर्ने विनियम बनाउन सक्नेछन् साथै आवश्यक समिति र उपसमितिहरूको पनि गठन गर्न सक्नेछन । यो समितिको विनियम तथा अन्य कार्यविधि बाल समूह/क्लवले निर्धारण गर्नेछ ।

३. संशोधनः क्लव वा समूहको विधान संशोधान गर्न परेमा विधान संशोधन प्रस्ताव समूहको साधारण सभाको दुई तिहाई वहुमतको निर्णय भई लेटाङ नगरपालिकामा दर्ता भएपछि मात्र लागु हुनेछ ।

४. अविश्वासको प्रस्तावः क्लव वा समूहको विधान विपरित कार्य गरेको भनि समितिका कुनै पदाधिकारी माथि समितिका एक तिहाई सदस्यहरूले गरेको लिखित अविश्वासको प्रस्ताव समूहमा पेश गरेमा सो प्रस्ताव साधारण सभाको दुई तिहाई वहुमतबाट पारित भएको निर्णय नगरपालिकामा दर्ता भए पछि त्यस्ता पदाधिकारीहरू स्वतः पद मुक्त हुनेछन् ।

५. क्लव वा समूहले आफ्नो विधान एवं पदाधिकारी सदस्य सहितको नामावली सम्वन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

६. बाल क्लवको छापः गोलो घेराभित्र नेपालको राष्ट्रिय झण्डा सीधा पारी समातेको बलक र बालिकाको चित्र पृष्ठभूमिमा नेपालको नक्सा दोश्रो घेरामा क्लवको नाम ठेगाना र स्थापना वर्ष रहने छ ।

अनुसूची १

समूहको छाप

(समूहको छापमा समूहको नाम, स्थापना वर्ष र ठेगाना अनिवार्य रुपमा हुनु पर्नेछ)

## अनुसूचि २

### समूहका कार्यसमितिका पदाधिकारीहरू

| क.सं. पद | नाम, थर | पुरा ठेगाना (गा.पा./न.पा., वडा र टोल) | हस्ताक्षर |
|---|---|---|---|
| अध्यक्ष | | | |
| उपाध्यक्ष | | | |
| सचिव | | | |
| सहसचिव | | | |
| कोषाध्यक्ष | | | |
| सदस्य | | | |
| सदस्य | | | |
| सदस्य | | | |
| सदस्य | | | |
| सदस्य | | | |
| सदस्य | | | |

नोट :

१. यस बमोजिम साधारण सदस्यहरू थप गर्न सकिने छ।

२. समूहका साधारण सदस्यहरूले प्रत्येक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ।

३. कार्यविधि बमोजिम आबद्धता एवं सूचीकृत गराउनु पर्ने निकाय वा संस्थामा सम्वन्धित गापा. वा विद्यालय वा सम्वन्धित संरक्षकत्व प्रदान गरेको संस्था मध्ये कुनै एकको सिफारिश संलग्न हुनु पर्ने छ। सिफारिश साथ कार्य समितिका सबै पदाधिकारीहरूको संयुक्त निवेदन स्थानीय तहमा पेश गर्नु पर्नेछ।

४. यस विधानको प्रतिबद्धताको लागि बाल क्लव वा बाल समूहको कार्य समितिका सम्पूर्ण पदाधिकारीहरूले विधानको सबै पानाको तल माथि हस्ताक्षर गरेको हुनु पर्नेछ।

५. आबद्धता वा सूचिकृत गर्दा दुई प्रति विधान रित पूर्वक तयार गरी पेश गर्नु पर्नेछ।